# चौतारा साँगाचोकगढी नगरपालिका
# स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०
# नगरकार्यपालिकाको स्वीकृत मिति २०८०असोज २३ गते

पहिलो संसोधन २०८१मंसिर ६ गते

**प्रस्तावनाः**

नेपालको संविधानमा व्यवस्था गरिएको स्थानीय तहको एकल तथा साझा अधिकार सूची तथा सो बमोजिम नेपाल सरकारको कार्यविस्तृतीकरण २०७३ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम आधारभूत र माध्यमिक शिक्षासम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहबाट सम्पादन गर्नुपर्ने अवस्थामा चौतारा साँगाचोकगढी नगरपालिकाभित्रका सार्वजनिक विद्यालयमा शिक्षकको कमी भइ शिक्षण सिकाइ कार्यमा बाधा पर्न गएकाले युवाहरुलाइ शिक्षण पेसामा आकर्षित गर्न एवम् विद्यालमा शिक्षक कमी भइ शिक्षाको गुणस्तरमा परेको प्रभावलाइ सम्बोधन गर्न वाञ्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरिने छ।

# परिच्छेद-१
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

(१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "विद्यालय" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका भित्रका आधारभूत तथा माध्यमिक तह सञ्चालित सार्वजनिक विद्यालय सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्छ।

(घ) "शिक्षक" भन्नाले विद्यालयका अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाइ जनाउँछ ।

(ङ) "शिक्षा समिति" भन्नाले चौतारा साँगाचोकगढी नगर शिक्षा एन २०७७ बमोजिम गठित नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

(च) "स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम छनौट भई सार्वजनिक विद्यालयमा शिक्षण कार्यमा खटिने स्वयंसेवक शिक्षकलाई सम्झनु पर्छ।

(छ) "नगर शिक्षा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा हेर्ने शाखा प्रमुख सम्झनु पर्छ।

## परिच्छेद-२
## स्वयंसेवक शिक्षक छनोट तथा नियुक्ति प्रक्रिया

**३. स्वयंसेवक शिक्षक छनौट तथा नियुक्ति प्रक्रियाः** (१) स्वयंसेवक शिक्षक छनौट प्रक्रिया देहायबमोजिम हुनेछः

(क) चौतारा साँगाचोकगढी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले स्वयंसेवक शिक्षक खटाउनको लागि नगरपालिकामा शिक्षक बैक तयार पार्न इच्छुक नागरिकबाट दरखास्त आव्हान गर्नेछ ।

(ख) योग्यता पुगेका आवेदकले नगरपालिकाले सूचना गरेको समयभित्र अनुसुची १ बमोजिमको फारम भरी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नु पर्नेछ।

(ग) पेश हुन आएका निवेदनहरुको आधारमा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले स्वयंसेवक शिक्षकहरुको सूचीकृत गरी स्वयंसेवक शिक्षक बैक निर्माण गर्नेछ । त्यसरी स्वयंसेवक शिक्षक बैक बनाउँदा तहगत रुपमा छुट्टा छुट्टै सुची तयार पारी राख्नु पर्नेछ ।

(घ) **स्वयंसेवक शिक्षक छनौटका मापदण्ड देहाय अनुसार रहने छ**

स्वयम् सेवक शिक्षक छनौटका लागि पूर्णाङ्क १०० को आधार मानी निम्नानुसार योग्यताक्रम निर्धारण गरिनेछः

| क्र सं | भौगोलिक क्षेत्र(२०) अंक | | शैक्षिक योग्यता(६०) अंक | | | | | | कार्यरत जेष्ठता(२०) अंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | चौतारा साँगाचोकगढी नगरपालिका (२०) अंक | सिन्धुपाल्चोक जिल्ला(१०) अंक | सम्बन्धित तह(५०) अंक | | | माथिल्लो (१०) अंक | | | प्रति वर्ष ४ अंकका दरले ५ वर्षको मात्र अंक |
| | | | प्रथम | द्वितीय | तृतीय | प्रथम | द्वितीय | तृतीय | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५० | ४५ | ४० | १० | ८ | ६ | गणना गरिने छ । |

यसरी निर्धारण गरिएको शिक्षकको योग्यता क्रम प्रकाशन गरी सूची अनुसार आवश्यकता अनुसार नियुक्ती गरिने छ ।

५. माथि जुनसुकै कुरा लेखिएको भएता पनि दुई वा दुई भन्दा बढी जम्मा औषत अंक बराबर भएमा कार्यरत जेष्ठता, महिला,अपाङ्ग, दलित र सीमान्तकृतलाई आधार मानी सम्बन्धित उम्मेदवारहरुको योग्यताक्रम निर्धारण गरिने छ ।

४ <u>स्वयंसेवक शिक्षकको लागि आवश्यक योग्यता</u> (१) स्वयंसेवक शिक्षक बन्नका लागि शिक्षक बैकमा सूचीकृत हुन देहायको योग्यता हुनु पर्नेछ ।

(क) तहगत रुपमा देहायको न्युनतम् योग्यता भएका नेपाली नागरिक स्वयंसेवक शिक्षक बन्न पाउने छन् ।

(१) प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताको लागि कक्षा एस .ई. ई वा सो सरह उत्त्तीर्ण गरेको

(२) आधारभूत तहको कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने स्वयंसेवक शिक्षकमा सूचीकृत हुन कुनै पनि विधा वा विषयमा एस एल .सी वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको

तर आधारभूत तहको कक्षा छ देखि आठसम्म अध्यापन गर्ने स्वयंसेवक शिक्षकमा सूचीकृत हुन सम्बन्धित विषयमा एस. एल. सी वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(ख) माध्यमिक तहका लागि स्वयंसेवक शिक्षकमा सूचीकृत हुन सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको

(ग) आबेदन दिने व्यक्ति प्रारम्भिक बालविकासको हकमा १८ वर्ष र आधारभूत र माध्यमिक शिक्षकको हकमा १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको तर कार्यरतको हकमा उमेरको हदबन्दी लागेको मानिने छैन ।

(घ) नेपाली नागरिक

५ <u>स्वयंसेवक शिक्षक नियुक्त गर्ने</u> (१) नगरपालिकाको शिक्षक बैंकमा समावेश भएका उम्मेदवारलाई कुनै सार्वजनिक विद्यालयमा नगर शिक्षा प्रमुखले खटाउनेछ ।

(२) विद्यालयमा कुनै शिक्षक बेतलबी, असाधारण वा अध्ययन जस्ता लामो अवधिको विदामा बसेमा वा विद्यालयमा शिक्षक कमी भएमा वा विद्यालयमा नवीन विधि तथा प्रविधि भित्र्याउनु परेमा वा महिला शिक्षक सुत्केरी भई विदामा बसेमा सोको औचित्यसहित विद्यालयको माग अनुसार नगर शिक्षा प्रमुखले समय तोकी स्वयंसेवक शिक्षकमा करार नियुक्त गरी विद्यालयमा खटाउनेछ।

६ <u>विद्यालयमा हाजिर भइ कामकाज गर्ने</u> (१) नगर शिक्षा शाखाले खटाएको स्वयंसेवक शिक्षकले खटाएको मितिले तीन दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर हुनु पर्नेछ। त्यसरी तोकिएको म्यादभित्र हाजिर नभएमा नगर शिक्षा प्रमुखले शिक्षक बैंकमा सूचीकृत अर्को स्वयंसेवक शिक्षक खटाउनेछ ।

(२) नगर शिक्षा प्रमुखले खटाएको स्वयंसेवक शिक्षकलाई प्रधानाध्यपकले नियमित कामकाज गर्न लगाई सोको जानकारी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई दिनुपर्नेछ।

## परिच्छेदः ३
## स्वयंसेवक शिक्षकको जिम्मेवारी, आचरण र सेवाका शर्त

७. <u>स्वयंसेवक शिक्षकका जिम्मेवारी</u> **:** (१) स्वयंसेवक शिक्षकको जिम्मेवारी देहायबमोजिम हुनेछ -

(क) स्वयंसेवक शिक्षक सामान्यतया प्रशासनिक रुपमा विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिसँग उत्तरदायी हुनुपर्नेछ ।

(ख) विद्यालयले तोकेको कक्षा र विषय अध्यापन गर्नु पर्नेछ ।

(ग) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नुपर्नेछ।

८ <u>स्वयंसेवक शिक्षकले पालना गर्नु पर्ने अचरण:</u> स्वयम्सेवक शिक्षकले देहाय बमोजिमको अचरण पालना गर्नु पर्नेछ ।

(क) सबै विद्यार्थीलाई सम्मानजनक र भेदभावरहित व्यवहार गर्नुपर्नेछ।

(ख) राजनीतिक आस्था प्रकट गर्न र सोका आधारमा विद्यार्थी र शिक्षकसँग व्यवहार गर्न पाइने छैन।

(ग) राष्ट्रियता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा प्रतिकुल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न पाइने छैन।

(घ) प्रचलित कानूनमा व्यवस्था भए बमोजिम शिक्षकले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण आचरण पालना गर्नु पर्नेछ ।

## परिच्छेद ४

## स्वयंसेवक शिक्षकले पाउने निर्वाह खर्च र विदा

९ <u>स्वयंसेवक शिक्षकले निर्वाह खर्च पाउने:</u> (१) स्वयंसेवक शिक्षकले विद्यालयमा गरेको कामकाजको आधारमा प्रधानाध्यापकले हाजिरी प्रमाणित गरी नगरपालिकामा पेश गरेपछि यातायात, खाजा, खाना लगायतका निम्ति नगरपालिकाबाट निर्वाह खर्च स्वरुप देहायबमोजिम रकम उपलब्ध गराइनेछ:

(क) प्रारम्भिक बालविकास तथा शिक्षाका लागि मासिक रु दश हजार ।

(ख) आधारभूत तह (कक्षा १ देखि ५ सम्म) का लागि मासिक रु पन्ध्र हजार

(ग) आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) का लागि मासिक रु बीस हजार

(घ) माध्यमिक तहका लागि मासिक रु  पच्चिस हजार

(२) स्वयंसेवक शिक्षकलाइ उपलब्ध गराइने निर्वाह खर्च प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र नगरपालिकाले विद्यालयको खातामा निकाशा दिनेछ ।

१० <u>स्वयंसेवक शिक्षकले पाउने विदा</u> (१) स्वयंसेवक शिक्षकले सार्वजनिक विदाका अतिरिक्त प्रति महिना एक दिन विदा लिन पाउनेछन् ।

## परिच्छेदः ४

## विविध

११ <u>कदर पत्र प्रदान गरिने:</u> स्वयंसेवक शिक्षकको रुपमा कम्तीमा तीन महिना कुनै विद्यालयमा सेवा गरेका व्यक्तिलाइ नगरपालिकाको तर्फबाट सम्मानस्वरुप कदर पत्र प्रदान गरिने छ ।

१२ <u>निजी स्रोतमा कार्यरत शिक्षकलाइ स्वयंसेवक शिक्षक मानिने:</u> (१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत चौतारा साँगाचोकगढी  न पा भित्रका वडा कार्यालयको अनुदानबाट पारिश्रमिक पाइरहेका निजी स्रोतका शिक्षकहरु स्वतः स्वयंसेवक शिक्षकमा रुपान्तरित हुनेछन् ।

तर सम्बन्धित वडाले त्यस्ता शिक्षकहरुको पारिश्रमिकका लागि स्रोत सुनिश्चित गर्न नसकेमा निजी स्रोतका शिक्षकहरु स्वतः अवकाश हुनेछन् ।

(२) यो कार्यविधि प्रारम्भ भएपछि निजी स्रोतका शिक्षक व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउँदै आएका वडाले आवश्यकता अनुसार स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि बजेट विनियोजन गर्न सक्नेछ ।

(३) यस कार्यविधि अनुसार स्वयंसेवक शिक्षक व्यवस्थापन गरिसकेपछि कुनै पनि वडाले निजी स्रोत शिक्षकका लागि लगानी गर्ने छैन ।

१३ <u>करार अवधि र करार संझौता रद्ध गर्न सक्ने</u>: (१) स्वयंसेवक शिक्षकको करार अवधि ६ महिनाको हुनेछ । आवश्यकता अनुसार करार अवधि थप गर्न सकिनेछ । करार अवधि समाप्त भएको स्वयंसेवक शिक्षक करार अवधि थप नभएमा स्वतः अवकाश हुनेछ ।

(२) स्वयंसेवक शिक्षकले यस कार्यविधिमा तोकिएका जिम्मेवारी पूरा नगरेमा वा आचरण पालना नगरेमा प्रधानाध्यापकको सिफारिसमा नगर शिक्षा प्रमुखले करार संझौता रद्ध गर्न सक्नेछ ।

१४ **<u>कार्यविधिमा सशोधन गर्न सक्ने</u>:** स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धमा प्रस्तावनाको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले आवश्यकतानुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

## अनुसूचि – १
## शिक्षक बैंकमा सूचीकृत हुने सूचना

श्री नगर शिक्षा प्रमुखज्यू
चौतारा साँगाचोकगढी नगरपालिका कार्यालय, चौतारा।

विषयः स्वयंसेवक शिक्षक बैंकमा सूचीकरण हुन पाऊँ ।

उपर्युक्त सम्बन्धमा चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८०/०५/२० मा प्रकाशित सूचना अनुसार म स्वयंसेवक शिक्षक भइ तोकिएको विद्यालयमा काम गर्न इच्छुक भएकाले स्वंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० को अधीनमा रही तोकिएको शर्त र प्रक्रिया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

<u>निवेदकको विवरण</u>

१) निवेदकको नामथरः
२) बाबुको नामः
३) आमाको नामः
४) ठेगानाः
५) सम्पर्क फोन नम्बर :
६) शैक्षिक योग्यताको विवरणः

| क्र सं | शैक्षिक योग्यता | उत्तीर्ण गरेको सै.संस्था वा विश्वविद्यालय | प्राप्ताङ्क प्रतिशत / GPA | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

मिति २०८१//
निवेदकको दस्तखत...........

## अनुसूचि – २

## करार सम्झौता फारम

### स्वयंसेवक शिक्षक करार सम्झौता

चितवन जिल्ला **चौतारा साँगाचोकगढी नगरपालिका** अन्तर्गतको श्री ............ विद्यालयका लागि स्वयंसेवक शिक्षक करार गरी काम गराउने सम्बन्धमा **चौतारा साँगाचोकगढी नगरपालिका** सिन्धुपाल्चोक जसलाई यस पछि प्रथम पक्ष भनिने छ र ............ जिल्ला ............ नगरपालिका वडा नं.... बस्ने **श्री ......को छोरा**/छोरी ...... जसलाई यस पछि दोस्रो पक्ष भनिने छ, काबीच चौतारा साँगाचोकगढी नगरपालिकामा २०८१ साल....... गते सम्पन्न करार सम्झौता ।

<u>दोस्रो पक्षको जिम्मेवारी</u>

१) प्रचलित शिक्षा ऐन र नियमावली तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यबिधि २०८० अनुसार स्वयंसेवक शिक्षकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालाना गर्ने ।

३) विद्यालय प्रशासनले तोके बमोजिमको बिषय र कक्षाहरुमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा उपलब्धि प्रति पूर्ण रुपमा जवाफदेही रहने ।

४) विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

५) विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागिता जनाउने ।

६) विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र वि.व्य.स. प्रति जवाफदेही हुने ।

<u>प्रथम पक्षको जिम्मेवारी</u>

१) प्रथम पक्षले चौतारा साँगाचोकगढी नगरपालिकाको स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० ले तोकेको सेवा सुविधा उपलब्ध गराउने।

२) स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० अनुसार स्वयंसेवक शिक्षकले कार्यसम्पादन गरे नगरेको निरीक्षण तथा अनुगमन गर्ने । त्यसरी निरीक्षण तथा अनुगमन गर्दा स्वयंसेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक नपाइएमा वा आचारसंहिता पालना नगरेको पाइएमा आवश्यक सफाइको मौका दिई जुनसुकै बेला युवा स्वयंसेवक शिक्षकबाट हटाउने ।

**करार सम्झौता लागु हुने अवधि**

मिति २०८१ साल ......महिना .... गतेबाट मिति .....साल .. महिना .....गते सम्म

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः.................. | नामः |
| ठेगानाः | पद |
| | चौतारा साँगाचोकगढी नगरपालिका |